लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल
फोन नं. ०८२-४०२१३१

# सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

## सूचना नं. ०१/२०८१/०८२

दोस्रो पटक प्रकाशित मिति : २०८१/०७/०२

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट भालुवाङ अस्पताल, राप्ती उपत्यका (देउखुरी), नेपालको स्वीकृत दरबन्दी करार अन्तर्गतका तपसिल बमोजिम पदहरुमा करार कर्मचारी व्यवस्थापन कार्यविधि (संशोधन), २०८० बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले २०८२ असार मसान्तसम्मको लागि प्रदेश निजामती सेवा ऐन र नियमावली, २०८० बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र करार कर्मचारी व्यवस्थापन कार्यविधि (संशोधन), २०८० मा तोकिएको ढाँचामा रितपूर्वक दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

<u>तपसिलः-</u>

| सि.नं. | पद | श्रेणी / तह | सेवा | समूह/उपसमूह | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | कन्सल्टेन्ट मेडिकल जनरलिष्ट | नवौं | स्वास्थ्य | मेडिकल जनरलिष्ट | १ |
| २ | कन्सल्टेन्ट जनरल फिजिसियन | नवौं | स्वास्थ्य | मेडिसिन | १ |
| ३ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | नवौं | स्वास्थ्य | सर्जरी/अर्थोपेडिक सर्जरी | १ |

**१. दरखास्त फाराम बुझाउने विधि र स्थानः-** स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालको प्रशासन शाखामा दरखास्त फाराम उपलब्ध हुनेछ वा स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशको वेबसाईट mohp.lumbini.gov.np मार्फत डाउनलोड गरी दरखास्त फाराम साथ संलग्न गर्नु पर्ने कागजातहरु सहित यस मन्त्रालयमा दरखास्त पेश गर्नुपर्नेछ । स्थान स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल ।

**२. दरखास्त दस्तुरः- नवौं तहको लागि रु. १२००/- (एक हजार दुई सय मात्र) ।**

**३. दरखास्त दिने अन्तिम मितिः-** २०८१/०७/०८ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय खुल्ने समय सम्म ।

**४. उम्मेदवारको उमेरको हदः-** लुम्बिनी प्रदेश निजामती सेवा ऐन, र नियमावली, २०८० बमोजिम

**५. आवश्यक न्यूनतम योग्यताः-** लोकसेवा आयोगले तोके बमोजिम योग्यता पुगेको हुनुपर्ने ।

**६. दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** नेपाल बैंक सिसहानीय शाखा दाङमा रहेको ख १.१ राजश्व खाता २७४०२०००००१००१००००००१ कार्यालय कोड नं. ३७०००५६०२५ राजश्व शिर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा जम्मा गरेको सक्कल बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ । स्थान स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल ।

**७. दरखास्त संलग्न गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको, नेपाली नागरिकता, तालिम, अनुभाव, नेपाल कानुन बमोजिम काउन्सिल दर्ता एवं नविकरण भएको प्रमाणपत्रको प्रतिलिपीहरु एक/एक थान स्वयंमले प्रमाणित गरि दरखास्त फारामको ढाँचामा सम्पूर्ण विवरणहरु भरी हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटो सहित पेश गर्नु पर्नेछ ।

**८. छनौटको आधार र प्रकृयाः-** सक्षिप्त सूचि र अन्तरवार्ता (संक्षिप्त सूचिमा परेकालाई अन्तरवार्ताको लागि छनौट गरिनेछ ।)

**९. पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी ।

**१०. तलवः-** प्रदेश कर्मचारीको जुन तहका लागि नियुक्त भएको हो सो सरहको पदले पाउँने शुरु स्केल ।

**१०. अन्तरवार्ताको सूचनाः-** संक्षिप्त सूचीमा परेका सहभागीहरुको नामावली प्रकाशन तथा अन्तरवार्ताको सूचना मन्त्रालयको वेवसाइट www.mohp.lumbini.gov.np मा प्रकाशित गरिनेछ ।

**११. अन्तरवार्ताको मिति, समय र स्थानः-** अन्तरवार्ताको लागि मिति, समय र स्थान स्वास्थ्य मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) दाङले तोक्नेछ ।

**नोटः-** *सूचनामा उल्लेख नभएको विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ। यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा स्वास्थ्य मन्त्रालयको नायव सुब्बा ज्ञानेन्द्र ढकाल (सम्पर्क न.) ९८६१२५३०८८, Website:mohp.lumbini.gov.np) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।*